वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २८० | २०८२ फागुन १६ गते शनिबार, नेपाल सम्वत् ११४६ February 28, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## मगर संघ स्थापना दिवसमा साँस्कृतिक र्‍याली

नेपाल मगर संघ जिल्ला समन्वय समिति तनहुँले ४४औँ मगर संघ स्थापना दिवसका अवसरमा शुक्रबार दमौलीमा आयोजना गरिएको कार्यक्रमका अवसरमा कौरा नृत्य सहित साँस्कृतिक र्‍याली प्रदर्शन गरिदै। तनहुँमा विविध कार्यक्रम गरी मगर दिवस मनाइएको छ भने तनहुँका सबै पालिकाले सार्वजनिक विदा दिएका थिए ।

*तस्विर : भञ्ज्याङ*

# हरित अर्थतन्त्रमा दलहरूको दृष्टिकोण: वन संरक्षणदेखि उपभोगसम्मका प्रतिस्पर्धी एजेन्डा

**प्रगति ढकाल**/काठमाडौं

आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा प्रमुख राजनीतिक दलहरूले हरित अर्थतन्त्रलाई चुनावी 'एजेन्डा'को केन्द्रमा राखेर निर्वाचनको प्रचारप्रसारमा व्यस्त छन् । वन संरक्षण, दिगो उपयोग, रोजगारी सिर्जना, कार्बन व्यापार र जलवायु अनुकूलनका कार्यक्रममार्फत मतदातालाई आकर्षित गर्ने प्रयास भइरहेको छ ।

मुख्य दलले घोषणापत्रमार्फत वन संरक्षण र वनको दिगो उपयोगबाट मुलुकको आर्थिक समृद्धि गर्ने वाचा दोहोर्‍याएका छन् । नेपाली कांग्रेसले वनमा आधारित जैविक अर्थतन्त्र, जडीबुटीको मूल्य अभिवृद्धि र स्वदेशी काठको अनिवार्य प्रयोगमार्फत आयात प्रतिस्थापन गर्ने योजना अघि सारेको छ । कांग्रेसले वनलाई संरक्षणसँगै आर्थिक समृद्धिको आधारका रूपमा प्रस्तुत गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले न्यूनतम ४५ प्रतिशत वन क्षेत्र सुरक्षित गर्ने, सघन वन विस्तार गर्ने र नेपाललाई कार्बन न्यूट्रल देश बनाउने दीर्घकालीन लक्ष्य सार्वजनिक गरेको छ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले जमिन, जल, जंगल र खनिजको विवेकसम्मत प्रयोग गर्दै उत्पादन र रोजगारी वृद्धि गर्ने नीति अघि सारेको छ ।

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले वैज्ञानिक वन उपयोग योजना र कार्बन व्यापारलाई प्राथमिक आर्थिक गतिविधिका रूपमा विकास गर्ने घोषणा गरेको छ ।

**यस्ता छन् मुख्य दलका घोषणा**

**हरित अर्थतन्त्रमार्फत रोजगारी र दिगो वन व्यवस्थापन गर्ने कांग्रेसको प्रतिज्ञा**

नेपाली कांग्रेसले ल्याएको एजेन्डाका सङ्गालोलाई प्रतिज्ञा नाम दिइएको छ । उक्त प्रतिज्ञामा वनमा आधारित जैविक र वृत्ताकार अर्थतन्त्रलाई बढावा दिँदै जडीबुटीको मूल्य अभिवृद्धि र 'फोहर शून्य' सहरको अवधारणा संरक्षणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अगाडि बढाउँदै वन व्यवस्थापन, वनजन्तु पालनमा आदिवासी, स्थानीय समुदाय, वातावरण र अर्थतन्त्र सन्तुलनमा जोड दिने नीति अपनाउने छौँ । यसले प्राकृतिक स्रोतको संरक्षण, आय वृद्धि र पर्यटन प्रवर्द्धनमा योगदान पुर्‍याउने छ ।"

दिगो वन व्यवस्थापनलाई बजारसँग जोड्दै वन उत्पादनको माग र आपूर्ति बढाइ सार्वजनिक वा ब्रिकेट उत्पादन गर्ने उद्यमलाई प्रोत्साहन गर्ने तथा स्वदेशी काठ जङ्गलमै हुँदा विदेशबाट काठ र आल्मुनियम आयात हुने विङ्गतिलाई रोक्दै सुपथ मूल्यमा काठ उपलब्ध गराई आयात प्रतिस्थापन गरिने छ ।

"निजी वन तथा जडीबुटीको खेती विस्तारका लागि गुणस्तरीय नर्सरी र बिरूवा आपूर्ति गर्छौं । वन क्षेत्रले कृषि, पर्यटन, ऊर्जा र जलवायु परिवर्तन, विपद् जोखिम




कार्यान्वयन गर्ने विषयलाई जोड दिइएको छ ।

"आगामी पाँच वर्षमा नेपाली कांग्रेसले निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्दै प्राकृतिक स्रोतको दिगो विकासमार्फत राष्ट्रिय वृद्धि, ग्रामीण सशक्तीकरण र पर्यटन तथा आर्थिक अवसरका समान पहुँच सुनिश्चित गर्दै यस क्षेत्रबाट वार्षिक एक लाखभन्दा बढी रोजगारी सिर्जना गर्न प्रतिबद्धता व्यक्त गर्दछ", प्रतिज्ञामा उल्लेख छ, "वन तथा वन्यजन्तु व्यवस्थापन र संरक्षण: वन हाम्रो सम्पत्ति, भविष्य हाम्रो दायित्व । दिगो वन व्यवस्थापन र वन्यजन्तु पूर्वाधार निर्माणमा स्वदेशी काठ र बाँसजन्य सामग्रीको प्रयोग अनिवार्य गर्ने नेपलाी कांग्रेसले घोषणा गरेको छ। त्यसैगरी स्थानीय स्रोत र परम्परागत सीपबाट निर्मित वस्तुलाई आधुनिक प्रविधि र डिजाइनमार्फत बजारयोग्य बनाउने र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमुखी उद्योगलाई कर छुट तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने समेत उल्लेख छ ।

कांग्रेसको घोषण अनुसार वन डढेलो घटाउन पात-पतिङ्गर र सुकेका काठ संकलन गरी प्राङ्गारिक मल, कागज, बायोचार न्यूनीकरण र स्थानीय जीविकोपार्जनमा पार्ने सकारात्मक प्रभावलाई राष्ट्रिय लेखामा समावेश गर्ने छौँ," प्रतिज्ञामा भनिएको छ ।

**एक सामुदायिक वन-एक वन उद्यमको अवधारणा कार्यान्वयन गर्ने एमालेको घोषणा**

एमाले आगामी निर्वाचनका लागि अगाडि सारेको आफ्ना एजेन्डाका सङ्गालोलाई घोषणापत्र नाम दिइएको छ । उक्त घोषणापत्रमा न्यूनतम ४५ प्रतिशत हरियाली वन क्षेत्र सुरक्षित गर्ने र

बाँकी तेश्रो पेजमा

# व्यासमा अपाङ्गता स्रोत कक्षा सञ्चालन

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाभित्र अपाङ्गताको प्रकृतिअनुसार छ वटा स्रोत कक्षा सञ्चालित विद्यालय छन्। नगरभित्रका विभिन्न वडामा सञ्चालित विद्यालयमा अपाङ्गता स्रोत कक्षाहरु व्यवस्थापन तथा समायोजनमा चुनौती थपिएको छ ।

व्यास नगरपालिका-६ सिसाघाटस्थित महेन्द्रज्योति माध्यमिक विद्यालयमा बौद्धिक प्रकृतिका अपाङ्गता भएका १२ बौद्धिक अपाङ्गता भएका विद्यार्थी आवासीय रूपमा अध्ययनरत छन्। विद्यालयमा पर्याप्तमात्रामा खेल मैदानको कमी हुँदा विद्यालय अगाडिको सडकमा विद्यार्थीलाई दुर्घटनाको जोखिम हुने गरेको छ।

व्यास नगरपालिका-१३ स्थित सिद्धबेनी माध्यमिक विद्यालयमा रहेको बौद्धिक अपाङ्गता स्रोत कक्षामा १६ जना विद्यार्थी आवासीय रूपमा अध्ययनरत छन्। स्रोत कक्षा हेरविचार गर्ने कर्मचारी नहुँदा स्रोत कक्षा व्यवस्थापनमा चुनौती रहेको विद्यालयका प्रधानाध्यापक रोदन



जना विद्यार्थी आवासीय रूपमा अध्ययन गरिरहेका छन्। विद्यालयमा स्रोत शिक्षकको पदपूर्ति हुन सकेको छैन भने विद्यालयको छानो चुहिने समस्या रहेको विद्यालयका प्रधानाध्यापक हरिराज काफ्लेले बताए । विद्यालयको कक्षाकोठा सुधार गरी स्थानान्तरण गर्ने योजना रहेको उनले बताए ।

व्यास नगरपालिका-५ स्थित साँगे शेराटारमा रहेको सिन्धु आधारभूत विद्यालय बौद्धिक अपाङ्गता स्रोत कक्षामा १८ जना थापाले बताए ।

व्यास नगरपालिका-१ स्थित बुद्ध दाहाल बहिरा विद्यालयको बहिरा स्रोत कक्षामा २० जना बहिरा विद्यार्थी अध्ययनरत छन् । सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा विद्यार्थीलाई साङ्केतिक भाषामार्फत नि:शुल्क आवासीय शिक्षा प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक कमला पौडेलले बताए।

व्यास नगरपालिका-१० बैरेनीस्थित चण्डिदेवी माध्यमिक

बाँकी अन्तिम पेजमा

# चुनावमा सहभागी हुन आतुर छन् मतदाता

यतिखेर मुलुक प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ। निर्वाचनमा सहभागी हुन मतदातामा उत्साहको वातावरण देखिएको छ । भ्रष्टाचार नियन्त्रण, सुशासन तथा विकास निर्माणप्रति सर्वसाधारण नेपाली नागरिकको उत्कृष्ट अभिलाषा एवं आकाङ्क्षाको प्रतिनिधित्व र परिपूर्ति गर्नका लागि मतदाता मतदानको व्यग्र प्रतीक्षा गरेका छन् । अर्थात् उनीहरु प्रतिनिधिसभा सदस्य चुन्न आतुर देखिएका छन् । यही फागनु २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अहिले चुनावी प्रचारप्रसारको सरगर्मी ह्वात्तै बढ्को छ । मुलुकका सहर तथा ग्रामीण क्षेत्रका विभिन्न चोक, चिया पसलदेखि टोलटोल र खेतबारी उम्मेदवार तथा पार्टीका जितहारको आकलन तथा चुनावी कुराकानीले गर्माएको छ । विभिन्न दलका नेता, कार्यकर्ता र उम्मेदवारले बिहानैदेखि मतदाताको घरआँगन तथा खेतबारीमा पुगेर मत माग्ने कार्यलाई तीव्रता दिएका छन्भने चुनावीसभा र कोणसभालाई पनि त्यतिकै महत्वका साथ अगाडि बढाएका छन् ।

विभिन्न दलका शीर्षनेताहरु पनि चुनावीसभा र प्रचारप्रसारमा व्यस्त देखिएका छन्भने चुनावको समाचार सङ्कलन गर्न राष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई पनि अहिले भ्याइनभ्याइ भएको छ । राजनीतिक स्थायित्व, आर्थिक समृद्धि र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयनसहितको समृद्ध नेपाल निर्माणका लागि हुन लागेको यो निर्वाचनलाई सफल र सार्थक बनाउन सबैको साझा प्रयास हुनुपर्दछ । यो चुनाव समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयन, समावेशी विकास र समृद्ध मुलुकको निर्माणसँग जोडिएकाले यसलाई जसरी भए पनि सफल बनाउनु प्रत्येक नेपालीको दायित्वभित्र पर्दछ । निर्वाचनमा आफ्ना लागि मत माग्न आइरहेका उम्मेदवारलाई मतदाताले भोगिरहेका विभिन्न समस्याको समाधानका लागि प्रतिबद्धता खोजिरहेका छन् ।

बेरोजगारी, आर्थिक कठिनाइ, पूर्वाधारको अभाव, स्वास्थ्य, शिक्षा र खानेपानीको अभावलाई मतदाताले प्रमुख समस्याका रूपमा लिएका छन् । यी यस्तै समस्यामा केन्द्रित भएर वस्तुगत समाधान प्रस्तुत गर्ने दल र उम्मेदवारप्रति नागरिकको अपेक्षा बढेको छ । बेरोजगारी र आर्थिक कठिनाइबाट आम नागरिक प्रताडित छन्। श्रम बजारमा हरेक वर्ष पाँच लाख नयाँ श्रमशक्ति आउने गरेका छन्रू। स्वदेशमा उनीहरूका लागि रोजगारीका अवसर अत्यन्तै कम हुँदा उनीहरूको जीवनमा आर्थिक कठिनाइ निम्तिने गरेको छ । त्यसैले वैदेशिक रोजगारी नै उनीहरूका लागि विकल्प हुने गरेको छरू। हरेक वर्ष औसतमा तीन लाख युवा नयाँ श्रम स्वीकृति लिएर र पाँच/छ लाख पुरानो रोजगारीलाई निरन्तरता दिन विदेसिने गरेको देखिन्छ । रोजगारी सिर्जना देशको आर्थिक विकाससँग पनि जोडिन्छरू। आर्थिक विकासका लागि औद्योगिक विकास र स्वरोजगारका अवसरसँग जोडिन्छ । त्यसैले अब राजनीतिक दलहरूको मुख्य 'एजेन्डा' नै आर्थिक विकास हुनुपर्छ भन्ने आम मतदाताको भनाइ छ ।

सम्भावित निर्वाचनको अर्को महत्वपूर्ण पक्ष 'डिजिटल' राजनीति हो । नेपालमा 'इन्टरनेट' पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छभने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसंख्यक युवा छन् । 'टिकटक, फेसबुक, युट्युब र एक्स (ट्विटर)' अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य 'प्लेटफर्म' बनेका छन् । यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छ । ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन् । युवा मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई डिजिटल माध्यमबाट सजिलै मूल्याङ्कन गरिरहेका छन्रू। यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती भने थपेको छ ।


जनसंख्याको बनोट र सामाजिक विविधताको आयामको प्रतिबिम्ब हरेक राजनीतिक र सामाजिक प्रक्रिया र प्रतिस्पर्धामा देखियोस् भन्ने अपेक्षा गरिएको हुन्छ । तर यस निर्वाचनमा उमेर समूह, लैङ्गिकता, जातीय विविधता जस्ता पक्षमा दलहरूको उम्मेदवारी असन्तुलित देखिएको छ । यसबाट सामाजिक विविधतालाई राजनीतिक ठाउँ दिने विषयलाई दलहरूले भित्रैबाट अनुभूत गर्न नसकेको देखिन्छ । यस निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारीमा दलित, आदिवासी, जनजाति मधेसी, मुस्लिम, अल्पसंख्यक र सीमान्तकृत वर्ग समूहलाई दलहरूले सन्तुलित ढङ्गले उम्मेदवारी वितरण नगरेको देखिन्छ । दलहरु केवल राजनीतिक विरासत भएका, निर्वाचन खर्च बेहोर्न सक्ने तथा चर्चित अनुहारहरु परेको देखिन्छ ।

**कोशी र मधेस प्रदेश बढी चर्चामा**

आसन्न निर्वाचनमा कोशी र मधेस प्रदेश चर्चाको शिखरमा छन् । भूपूदेखि भावी प्रधानमन्त्रीका दाबेदारसम्मको उम्मेदवारीले यो दुबै प्रदेश चर्चाको शिखरमा रहेका छन् । मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिटमध्ये एकमा पूर्वप्रधानमन्त्री र एकमा भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी छ ।

त्यस्तै, मधेस केन्द्रित दलका शीर्षनेताहरूको उम्मेदवारीले पनि यो प्रदेशमा चुनावी सरगर्मी बढाएको छ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउत, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि, नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठदेखि अहिलेको चुनावी सरकारका निवर्तमान मन्त्री बब्लु गुप्तासम्मको उम्मेदवारी मधेसमै परेको छ । त्यसबाहेक दर्जनौं पूर्वमन्त्रीको राजनीतिक भविष्य जोडिएका हुनाले मधेस प्रदेशमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान केन्द्रित गरेको छ ।

निर्वाचन नजिकिँदै गर्दा कोशी प्रदेश पनि चर्चामा रहेको छ । विशेषगरी झापा–५ यतिबेला निकै चर्चामा छ । नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको उम्मेदवारीका कारण यो क्षेत्रलाई विशेष चासोका साथ हेरिएको छ। कोशी प्रदेशमा प्रतिनिधिसभाका २८ सिटमध्ये झापा–५ पूर्वप्रधानमन्त्री र भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी परेको छ । यसैगरी, नेपाली कांग्रेसका नेता डा शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, विजयकुमार गच्छदार, नेकपा एमालेका देवराज घिमिरे, रास्वपाका निशा डाँगी, श्रम संस्कृति पार्टीका हर्कराज राई र नेपाली कम्युनिष्ट पार्टीका हरि रोक्का उम्मेदवारीले यो प्रदेश पनि चुनावी चर्चाको शिखरमा पुगेको छ ।




**आचारसंहिता उल्लंघनका घटना बढ्दो**

आचारसंहिता उल्लङ्घनमा प्रायः सबैजसो राजनीतिक दलका उम्मेदवार सक्रिय देखिएका छन् । विशेषगरी चुनावमा पैसाको माग र महत्व बढिरहेका बेला प्रभावशाली उम्मेदवारले अरूको कार्यकर्ता तान्न र आफ्नै कार्यकर्ता जोगाउन पनि ठूलै रकम खर्च गर्ने गरेका छन् । निर्वाचन आयोगले जारी गरेको आचारसंहिता विपरीत उम्मेदवारहरूले निर्वाचन आचारसंहिता विपरीत एक दर्जनभन्दा बढी चारचक्के गाडी प्रयोगमा ल्याइरहेको देखिन्छ ।

कोशी, मधेस र लुम्बिनी प्रदेशका अधिकांश उम्मेदवारले भारतीय नम्बर प्लेटका गाडी प्रचारप्रसारमा प्रयोगमा ल्याइरहेका छन् । उम्मेदवारहरूले गाडीमै 'साउन्ड बक्स' जडान गरी चुनावी गीत बजाउँदै घरदैलो गरिरहेका छन्। मतदाता लोभ्याउन चुनावी भोजभतेरमा बन्देज लागे पनि दिनहुँ प्रत्येक क्षेत्रमा भोजभतेर चलिरहेको छ । आयोगले तडक–भडक, बाजा–गाजा तथा सार्वजनिक स्थानमा पार्टीका झन्डा झुन्ड्याउन नपाइने निर्देशन जारी गरेको छ । तर आयोगको निर्देशन विपरीत प्रायः सबै प्रदेशको विभिन्न स्थानमा पार्टीका झन्डा तथा प्रचार सामग्री खुला रूपमा झुन्ड्याइएको पाइएको छ ।

अर्कोतिर मतदाता शिक्षा प्रभावकारी देखिएको छैन । मन परेका व्यक्तिलाई छानेर मत हाल्न पाइने कि नपाइने, कसरी छाप लगाउने, कसरी पट्याउने भन्ने कुराको चिन्ता अधिकांश मतदातामा छ । यही फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले आह्वान गरे पनि आचारसंहिता उल्लङ्घनको घटना बढेको बढेकै छ ।

**खुल्ला सिमाना र सुरक्षा चुनौती**

विशेषगरी छिमेकी मुलुक भारतको सीमासँग जोडिएको निर्वाचन केन्द्रमा सुरक्षा चुनौती बढ्न थालेको छ । निर्वाचनका बेला सुरक्षा व्यवस्थाका लागि तीनै निकाय संयुक्त र समन्वयात्मक रूपमा परिचालन भएको छ । भारतसँगको खुला सिमानाका कारण उत्पन्न हुने सुरक्षा चुनौती सामना गर्न स्थानीय प्रहरी प्रशासनले अधिकतम उपाय प्रयोग गरिरहेकाले ढुक्कसँग मतदान गर्न पाउने अवस्था छ। प्रहरीले ठाउँठाउँमा 'चेक प्वाइन्ट' राखेर सुरक्षा जाँच तीव्र बनाएको छ ।

खुल्ला सिमानाका कारण घुसपैठ र आपराधिक घटना हुनसक्ने अवस्थालाई ध्यानमा राखेर उच्च सुरक्षा सतर्कता अपनाइएको छ। भारतबाट भाडाका अपराधी निर्वाचनमा उपयोग गर्नसक्ने पूर्वानुमानका आधारमा सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाइएको सुरक्षा स्रोतले जनाएको छ । सुरक्षा चुनौतीलाई ध्यानमा राखेर मुख्य नाकाहरूमा तालिम प्राप्त कुकुर परिचालन गरिएको जनाइएको छ ।

**राजनीतिक दलहरूका लागि चुनौती र अवसर**

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु हो । विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छ । 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिएरू। तर गत भदौ २३ र २४ को जेनजी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ । यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने संकेत दिएका छन्रू। फलस्वरूप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन् ।

युवाले के चाहन्छन् भन्ने चर्चाबिना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छ । राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन्। त्यसको प्रभाव दलहरुले दिएको उम्मेदवारीमा समेत परेको छ। उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छ । तापनि युवा उमेर समूहको जनसंख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन् ।

युवा उमेर समूहले ओगट्ने जनसंख्या र उम्मेदवारको सन्तुलनमा अझै पनि धेरै फरक देखिन्छ । नेपालमा १८ देखि ४० वर्षका मतदाता ५२ प्रतिशत छन्रू। तर ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशत मात्रै छन्रू। यस्तो तथ्याङ्कबाट दलहरूले युवा र पाका उमेर समूहलाई सन्तुलित ढङ्गले उम्मेदवारी वितरण नगरेको प्रस्ट हुन्छरू। युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक संकेत हो । निर्वाचनलाई केबल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि हो । विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणालीमाथि प्रश्न उठाउन अग्रपङ्क्तिमा देखिन थालेका छन् । यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने संकेत गरेको हो ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन, पुस्तागत राजनीतिक सङ्क्रमणको निर्णायक मोड पनि होरू। जेनजीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्नेछ । युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्नसके मात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छ ।

सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साह साथ निर्वाचनको तयारीमा जुटिरहेको बेलामा भ्रष्टाचार, कुशासन, अविकास र आर्थिक संकटविरूद्ध लाग्ने जनप्रतिनिधि चयनका लागि आम मतदाता अत्यन्तै चनाखो देखिन्छन् । हरेक दृष्टिकोणबाट राज्यलाई आत्मनिर्भर बनाउने गरी उद्योग–व्यवसाय सञ्चालनमा जनप्रतिनिधिको सहयोग र साझेदारी सहज हुनुपर्छ। अब आमनेपालीले रोजगारीका लागि मुलुक छाड्नु नपरोस्। समानता, सुशासन र राष्ट्रिय समृद्धि आगामी निर्वाचित सरकारको मूल मन्त्र र कार्यदिशा बनोस् । निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने जनप्रतिनिधि अहिले चाहिएको छ । नेता र नेतृत्वका विगतका क्रियाकलाप र भ्रष्टाचारका बेथिति राम्रै देखिसकेका नागरिकले अब जनप्रतिनिधि चयनमा कसैको धम्की, लोभ, बहकाउ र स्वार्थलिप्सामा नलागी पूर्ण विवेक र वैयक्तिक स्वतन्त्रता प्रयोग गर्नु जरूरी छ । रासस

## तपाईंको आज

**मेष**
आश्वस्त भएर अघि बढ्ने समय छ, पारिवारिक सहयोग मिल्नेछ। धनलाभको संकेत छ ।

**वृष**
मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ। केही खानपिनमा परिवर्तन गरे स्वास्थ्यमा सुधार हुनेछ ।

**मिथुन**
संचार र सामाजिक क्षेत्र सक्रिय रहनेछ। सोसल मिडिया वा नेटवर्किङबाट केही फाइदा मिल्नेछ।

**कर्कट**
घर परिवारमा खुसीको वातावरण बनाउने कार्य हुनेछ। आर्थिक मामिलामा पनि स्थिति बलियो रहनेछ।

**सिंह**
वित्तीय रूपमा महत्वपूर्ण निर्णय लिन सकिने समय छ। व्यवसाय वा लगानीमा सोच–विचारपूर्वक अघि बढ्नुहोस्।

**कन्य**
काम–व्यापारमा सृजनशीलता र दक्षता देखिइ रहनेछ। सहकर्मी वा साझेदारसँग मिलेर अघि बढ्नाले विशेष फल दिन सक्छ।

**तुला**
सन्तुलन र सौन्दर्यप्रेमका लागि राम्रो दिन । रचनात्मक काममा रूचि जग्न सक्छ। व्यक्तिगत सम्बन्धहरु सुमधुर हुनेछ।

**वृश्चिक**
गोप्य योजना वा इन्टरनल सोच–विचार गर्न चाहना बढ्न सक्छ। गहिराइमा गएर अध्ययन वा अनुसन्धानमा समय दिनुपर्ला।

यात्रा, समाज–सम्बन्ध, वा ज्ञान–शिक्षासँग सम्बन्धित शुभ संकेत आइरहेका छन्। किनभने चर्चा–मिलन हुनेछ।

**मकर**
कार्य क्षेत्रमा स्थिरता देखिन्छ। जिम्मेवारी बढ्न सक्छ तर तपाईं सक्षम हुनुभयो भने फलदायी पनि हुनेछ।

**कुम्भ**
नयाँ साथी वा मन पर्ने मानिसको भेट सुखद हुनेछ। मनमा नयाँ योजनाहरु बनाउन सकिनेछ।

**मीन**
आध्यात्मिक दृष्टिले बलियो दिन छ। ध्यान–धारणा र सृजनात्मक काममा समय दिँदा आध्यात्मिक शान्ति मिल्नेछ।

# हरित अर्थतन्त्रमा दलहरूको .........

वन क्षेत्रलाई सघन वन क्षेत्रमा रूपान्तरण गर्ने, जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गर्ने र जलवायु परिवर्तनका असर कम गर्ने गरी रणनीति तर्जुमा गरिने उल्लेख छरू। काठ उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ वनको संरक्षण, विकास र उपयोग गरिने र काष्ठ, गैरकाष्ठ र फलफूलका बिरुवा देशव्यापीरूपमा रोप्ने र संरक्षण गर्ने अभियान सञ्चालन गरिने छ।

यसका लागि योजनाबद्ध ढङ्गले नर्सरीको विकास गरिने घोषणा गरिएको छ। "वन जङ्गलको संरक्षण, प्रवर्द्धन र सही उपयोग गर्दै वातावरणीय सन्तुलन कायम गरिने छ। जैविक विविधताको संरक्षण र विकास गरिने छ। नेपाललाई कार्बन न्यूट्रल देशमा रूपान्तरण गर्ने अभियानलाई अघि बढाइने छ", घोषाणापत्रमा भनिएको छ, "नेपालमा मात्र पाइने दुर्लभ वन्यजन्तु तथा हुर्कन सयौँ वर्ष लाग्ने जातिका रूख भएको वन संरक्षणका लागि विशेष कार्यक्रम लागू गरिने छ । वन, फलफूल, जडीबुटी तथा कृषिजन्य वनपैदावारको खेती विस्तार र बजार प्रवर्द्धन गरिने छ ।"

घोषणाअनुसार जडीबुटी तथा वनजन्य उद्योग विकास गर्न पूर्वाधार निर्माण गरी तिनमा निजीक्षेत्रको लगानी आकर्षित गरिने र एक सामुदायिक वन(एक वन उद्यमको अवधारणा कार्यान्वयन गरिने छ । सार्वजनिक निकायमा स्वदेशी काठ एवं फर्निचर प्रयोग गर्ने नीति लिइएको छ । जमिनको उपलब्धताको आधारमा प्रत्येक जिल्लामा नमूना कृषि वन तथा निजी वनको विकास र संरक्षणको व्यवस्था गरिने एमालेको नीति छ।

**वनलाई रोजगारी जोडिने नेकपाको घोषणा**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) घोषणापत्रमा जमिन, जल, जङ्गल र खनिजको विवेकसम्मत प्रयोग गरिने उल्लेख छ । वनको पूर्ण उपयोग गरी गुणस्तर अभिवृद्धि गर्दै पुनर्विकास गरिने नेकपाको योजना छ। स्रोत-साधनलाई उत्पादन, रोजगारी र गरिबी निवारणसँग जोडिनेछ ।

**वन व्यवस्थापन र उपयोगसम्बन्धी स्पष्ट कानुन तथा नीतिगत पुनरावलोकन गर्ने रास्वपाको घोषणा**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वन क्षेत्र र त्यसबाट प्राप्त हुने उत्पादनले अर्थतन्त्रमा वृहत्तर योगदान पुऱ्याउने गरी वन व्यवस्थापन र उपयोगसम्बन्धी स्पष्ट कानुन तथा नीतिगत पुनरावलोकन गर्ने घोषणा गरेको छ । "चरन क्षेत्रको विकास, मासुजन्य पशुपक्षीपालन, आवश्यक पूर्वाधार विकास, आवास तथा घर-भवन निर्माणमा काठको व्यवस्थित उपयोग, आयत प्रतिस्थापन, उद्योगका लागि कच्चा पदार्थको आपूर्ति, जडीबुटी तथा आयुर्वेदिक औषधि उत्पादन, पर्यटन, काठ उत्पादन तथा बिक्री र कार्बन व्यापारलाई प्रमुख आर्थिक गतिविधिका रूपमा लिई आर्थिक र रोजगारीमा योगदान पुराउने गरी क्षेत्रगत तहमा वैज्ञानिक वन तथा चरन क्षेत्र उपयोग योजना बनाउनेछौँ", रास्वपाको बाचापत्रमा भनिएको छ । सामुदायिक तथा राष्ट्रिय वनको सुरक्षाका लागि 'वन डढेलो उच्च-सतर्कता केन्द्र' स्थापना गरी ड्रोन र स्याटेलाइट प्रविधिमार्फत् डढेलोको वास्तविक समय (रियल टाइम) मा निगरानी र नियन्त्रण गर्ने आधुनिक संयन्त्र परिचालन गर्ने पनि उक्त पार्टीले उल्लेख गरेको छ । साथै पोर्टेबल पम्प र सुरक्षा उपकरणलाई वन क्षेत्र भएका प्रत्येक वडामा वितरण गरी व्यापक अग्नि नियन्त्रण प्रशिक्षण दिने र अग्नि नियन्त्रणमा ड्रोनको परीक्षण तथा अनुसन्धान गराउने रास्वपाको घोषणा रहेको छ ।

**वनलाई समृद्धिको आधार बनाउने एजेन्डा कार्यान्वयन योग्य छ:वनविद्**

वन क्षेत्रलाई स्रोतका रूपमा उपयोग गरेर राष्ट्रिय समृद्धिको आधार बनाउन सकिने बताउँदै वनविद् डा राजेश राईले यसको कार्यान्वयन असम्भव नभएको स्पष्ट पार्नुभएको छ । उहाँका अनुसार विगतमा वन व्यवस्थापनको संरचना तयार भए पनि प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएको थियो । डा राईले यसपटक अझै राजनीतिक दलले वन क्षेत्रलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै यसलाई सकारात्मक संकेतका रूपमा व्याख्या गर्नुभयो । "वनलाई स्रोत मानेर समृद्धिको आधार बनाउन सकिन्छ । कार्यान्वयन गर्न असम्भव छैन," उहाँले भन्नुभयो, "कम खर्चमा परिणाम दिनसक्ने क्षेत्र भएकाले बजेटका हिसाबले पनि यो उपयुक्त क्षेत्र हो ।"

उहाँका अनुसार वन क्षेत्रलाई बजारसँग प्रभावकारी रूपमा जोड्न सकेमा ठूलो आर्थिक सम्भावना खुल्नेछ । तर रोयल्टी, राजस्व दर र मूल्य निर्धारणका विषयमा भने चुनौती रहेको राईको भनाइ छ। "हामी वन जङ्गलको धनिमूलुक भए पनि विदेशबाट काठ आयात भइरहेको अवस्था छ," राईले भन्नुभयो, "आल्मुनियम र फलामे पाताजस्ता प्रतिस्थापन सामग्रीसँग काठलाई प्रतिस्पर्धी बनाउन राजस्व प्रणालीमा पुनरावलोकन आवश्यक छ।" उहाँका अनुसार वनको व्यवस्थापन मात्र पर्याप्त हुँदैन, व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्छ । डा राईले वन क्षेत्रलाई दीर्घकालीन आर्थिक रूपान्तरणको आधार बनाउन सकिने उल्लेख गर्दै नीति र व्यवहारबीचको खाडल अन्त्य गर्न राजनीतिक दल गम्भीर हुनुपर्ने बताउनुभयो ।

**विगतको तुलनामा सुधार आएको छ:फेकोफन**

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफोन)का अध्यक्ष ठाकुर भण्डारीले विगतका तुलनामा यसपटक विभिन्न राजनीतिक दलले ल्याएका घोषणात्रमा सामुदायिक वनलाई प्रथामिकता दिएको बताउनुभयो । भण्डारीले सामुदायिक वनलाई बाइपास गरेर कोही अगाडि बढ्न नसक्ने र सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा राजनीतिक दलहरूको सक्रिय प्रतिबद्धता र कार्यान्वयन दुवै आवश्यक रहेको बताउनुभयो । रासस




मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

फागुन १६ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरू :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरू :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरू :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा








**रास्वपाको दमौलीमा चुनावी र्‍याली :** राष्ट्रिय स्वतन्त्र पार्टीले शुक्रबार दमौलीमा आयोजना गरेको चुनावी र्‍यालीका सहभागिहरू । र्‍याली पश्चात आयोजित सभामा सभापति रवि लामिछाने, तनहुँ क्षेत्र नं १ का उम्मेदवार डा स्वर्णिम वाग्ले, क्षेत्र नं २ का उम्मेदवार श्रीराम न्यौपानेलगायतले सम्बोधन गरेका थिए । *तस्विर : भञ्ज्याङ*

# बालबालिकामा इन्टरनेटको प्रभाव: अभिभावकलाई स्वास्थ्य, शिक्षाका विषयमा चिन्ता

रामचन्द्र रायमाझी/पाल्पा

पछिल्लो समय प्रविधिको विकास भएसँगै मोबाइल फोन र इन्टरनेटको पहुँच गाउँगाउँसम्म विस्तार हुँदै गएको छ । स्मार्टफोन र इन्टरनेटको प्रयोग गर्दै हुर्किरहेका अहिलेका बालबालिकामा यसको सकारात्मकभन्दा बढी नकारात्म प्रभा पर्दै जान थालेको विज्ञहरु बताउँछन्। पछिल्लो समय मोबाइल नहुने परिवार कमै छन् । वर्तमान समयमा न्यून आय भएका परिवारका साथै सबैजसो घरका सदस्यसँग स्मार्टफोन र इन्टरनेटको पहुँच पुगेको छ । स्मार्टफोनमा पहुँचको दुरूपयोग पनि बढेको छ, यो जोखिमपूर्ण र चिन्ताको विषय बनेको मनोचिकित्सक तथा बालरोग विशेषज्ञ डा विकासराज अधिकारीले बताउनुभयो । मोबाइलको बढी प्रयोगका कारण आफ्ना सन्तानमा समस्या देखिएपछि अविभावकहरु विभिन्न मनोचिकित्सा उपचार केन्द्रमा पुग्ने गरेका उहाँको भनाइ छ ।

“अहिले शिशु उमेरदेखि बालबालिका मोबाइलसँग परिचित हुन्छन् । आमाबुबाले चलाएको, फोटो खिचेको देखेर हुर्किएका उनीहरु कम उमेरदेखि मोबाइलमा गेम खेल्ने, साथीभाइसँग कुराकानी गर्नेलगायत अन्य विभिन्न काममा इन्टरनेटको प्रयोग गर्छन् । यसले बालबालिकामा इन्टरनेटको आदत बस्दा अभिभावकलाई उनीहरूको स्वास्थ्य, शिक्षालगायत विषयमा चिन्ता बढ्ने गरेको छ”, डा अधिकारीले भन्नुभयो। कक्षा ५ मा अध्ययनरत तानसेनका उमेश खड्का निकै चुलबुले स्वभावका हुनुहुन्थ्यो । जतिबेला पनि साथीसँग खेल्न चाहने, साइकल कुदाउँन घरबाहिर निस्किरहने उहाँलाई लकडाउनको समयमा कोठामै राख्न हम्मेहम्मे पर्‍यो। त्यसका लागि अभिभावकले इन्टरनेटमा भुलाउन जुक्ति निकाल्नुभयो ।

साउनमा दोस्रो चरणको लकडाउन सुरू भएपछि उनको विद्यालयले अनलाइन कक्षा सुरू गर्‍यो । त्यसपछि उनको अधिकांश समय इन्टरनेटमा बित्न थाल्यो । माघ पहिलो हप्तादेखि विद्यालय खुल्यो, तर उनी जान मानेनन् । विद्यालय जान नमान्ने, मोबाइल चलाइरहन खोज्ने, नदिँदा धेरै रिसाउने, समान फ्याँक्ने, फुटाउने गर्न थालेपछि परिवारले विद्यालयसँग सम्पर्क गरेर मनोपरामर्श दिन सुरू गरेको छ । अहिले आठ वर्ष पुगेकी तानसेन–३ भगवती टोलकी मनिषा पाण्डेलाई पनि अभिभावकले खुवाउने बेला विभिन्न किसिमका भिडियोहरु देखाउनुहुन्थ्यो । उनीमा खाने बेला, पढ्नु अघि भिडियो हेर्ने बानी नै बस्यो । त्यसलाई अभिभावकले सामान्य ठाने । विस्तारै उनले मोबाइलमा गेम (खेल) पनि खेल्न थालिन । त्यो देखेर अभिभावक खुसी व्यक्त गर्नुहुन्थ्यो ।

मनिषाको गेमप्रति लगाव बढ्दै गयो । त्यसपछि उनी जतिबेला पनि मोबाइल खोज्ने र गेम खेल्ने गर्न थालिन । गत पुसमा ५ दिन इन्टरनेट नआउँदा मनिषाले धेरै रिसाहा व्यवहार देखाएकी अभिभावकले बताउनुभयो । अनलाइन हुन नपाउँदा आमाको फोन फ्याँकेर फुटाइदिनेसम्मका क्रियाकलाप हुन थालेपछि मनोचिकित्सकबाट उपचार सुरू गरिएको मनिषाकी आमाले जानकारी दिनुभयो । दुई वर्ष पहिलेसम्म पढाइमा अब्बल रहेको छोरा विस्तारै कमजोर बन्दै गएपछि गुल्मी तम्घासकी अप्सरा परियार पनि चिन्तित हुनुहुन्छ । तीन कक्षामा अध्ययनरत १२ वर्षीय छोरा प्रिन्स केही समयदेखि विद्यालयबाट कोठामा फर्किएपछि झोला र पोसाक नखोली मोबाइलमा व्यस्त हुन्छन् ।

मोबाइल खोसिदिएपछि रूने र खाना नखाइदिने आमा अप्सराले बताउनुभयो । उहाँले भन्नुभयो, “पहिलेपहिले पढाइ राम्रो थियो, कोभिडपछि मोबाइलबाट पढ्ने बानी बसेपछि अहिले मोबाइल नभई हुँदैन । मोबाइलमा गेम खेल्ने र युट्युबमा भिडियो हेर्ने गर्दा पढाइमा ध्यान दिँदैन ।”

छोरा खाली मोबाइलमा व्यस्त हुने, कुनै पनि काम नगर्ने, भनेको नमान्ने, अटेरी र जिद्धी स्वभावको हुँदै गएको आमा अप्सराको भनाइ छ । उहाँले भन्नुभयो, “बच्चा पढ्दै छन् मोबाइलमा चाहिने कुरा हेर्दै होलान् भन्यो युट्युबमा विभिन्न खालका भिडियो हेर्ने, गेम खेल्ने गरेका हुन्छन्, उनीहरूले समयमा आफ्ना कुनै पनि काम नगर्ने, भनेको नमान्नेलगायत गतिविधि देखाउँछन् ।” इन्टरनेटको पहुँचले जनजीवन सहज भए पनि सुरक्षित रूपमा प्रयोग गर्न नसक्दा गलत सूचनाको बाढी र बालबालिका बढी समस्यामा पर्ने गरेका मनोचिकित्सक तथा बालरोग विशेषज्ञ डा अधिकारीले बताउनुभयो। अभिभावकले व्यस्तता देखाउँदै भुलाउन मोबाइल वा कम्प्युटर प्रयोग गर्न दिने तर उनीहरूले के गर्दै छन् भन्ने ख्याल नगर्दा पनि बालबालिकाले इन्टरनेटको गलत प्रयोग गर्ने गरेका बताउँदै उहाँले यसले मस्तिष्क, आँखा, स्मरण शक्तिलगायतमा नकारात्मक असर गर्ने उहाँले जानकारी दिनुभयो।

पछिल्लो समय मोबाइलको प्रयोगले बालबालिकामा स्वास्थ्य समस्या उत्पन्न हुँदै गएको मनोचिकित्सक डा अधिकारीले बताउनुभयो। “आफ्ना बालबालिकाले पढाइ बिगारेको, नसुतेको, समयमा नउठेकोलगायत समस्या लिएर अधिकांश अभिभावक आउनुहुन्छ । सबैको समस्या मोबाइलको बढी प्रयोग नै देखिन्छ”, उहाँले भन्नुभयो। अधिकारीका अनुसार सानै उमेरदेखि लामो समयसम्म यस्ता विद्युतीय उपकरण मोबाइल, ल्याप्टप चलाएमा यसको दीर्घकालीन असर गर्दछ । एकोहोरो रूपमा इन्टरनेटमा व्यस्त हुँदा बालबालिकाको सामाजिक, मानसिक विकासमा असर पर्ने उहाँले जानकारी दिनुभयो ।

बढी समय इन्टरनेटमा बिताउने बच्चालाई पछि गएर सामान्य अवस्थामा फर्काउनसमेत मुस्किल हुने डा अधिकारीको अनुभव छ । उनीहरु पछि गएर भावनात्मक रूपमा कमजोर हुने, आत्माविश्वासको अभाव हुने, मनस्थितिमा अस्थिरता हुने, आँखा तथा श्रवणशक्ति, स्मरणशक्ति कमजोर हुनेलगायत समस्या देखिने उहाँले जानकारी दिनुभयो । आफ्ना बालबालिकामा मोबाइलको प्रयोग आदत बनेको छ/छैन सोबारे अभिभावकले विचार पुर्‍याउनुपर्नेमा जोड दिँदै डा अधिकारीले आफूले पनि मोबाइल कम प्रयोग गर्ने, बालबालिकासँग खेल्ने, समय बिताउने, पढ्ने र पढ्न प्रेरित गर्नेलगायत गतिविधि गरेर बालबालिकाको बानी परिवर्तन गराउन सकिने उहाँको भनाइ छ । रासस

## facebook twitter



**Dilnisani Magar**
facebook.com/dilnisani.magar

केपी ओलीले सामाजिक सञ्जाल बन्द गर्न खोज्दा मैले यो आत्मघाती कदम हुन सक्छ भनेर लेखेको थिएँ। तर तिमीहरूले त केपी ओलीले ठीक काम गर्‍यो भन्दै थपडी बजाउँदै थियौ। केपी ओलीले इतिहासमा पहिलो पटक बल्ल एउटा राम्रो काम गर्यो भन्दै लामो सुस्केरा हाल्दै थियौ। फेसबुकले कर तिरेकै छ, दर्ता गर्नु पर्दैन भनेर मैले लेखेको थिएँ। तर तिमीहरूले देश सानो भएपनि हाम्रो स्वाभिमान ठूलो छ भन्दै केपी ओलीको प्रशंसा गरेका थियौ। केपी ओलीलाई राष्ट्रवादी नेताको भूत चढाई दिएर एकपछि अर्को निरंकुश कदम चाल्न उक्साउने अरू कोही नभएर तिमीहरु नै थियौ।

जेनजी आन्दोलन अचानक भड्किएर ठूलो घटना घटेपछि मात्रै डरले होसहवास उडेर तिमीहरूले केपी ओलीको विरोध गर्न थालेका हौ । समाजमा बहुसंख्यकको अगाडि कसरी राम्रो देखिने भन्ने डोमिनो ईफेक्ट परेको छ तिमीहरूलाई। षड्यन्त्रको शिकार बनेर जेनजी भाइबहिनीहरूको निधन भएको पीडा हाम्रो मुटु भरि छ। तर संसद भवनको रक्षा गर्न नसके पनि प्रहरीहरूले आत्मरक्षा गरेका छन्। किनकी टिकापुरको थारू आन्दोलनमा आफ्ना सहकर्मीहरूलाई लेखेटि–लखेटि मारिएको दृश्य प्रहरीले देखेका छन्।
टिकापुर घटनाको कारण रेशम चौधरीले अहिलेसम्म चुनाव लड्न पाएका छैनन्। उनको यसपटकको उम्मेदवारी दर्ता पनि खारेज भैसक्यो। भाला, तरबार, खुकुरी बोकेर आउनेहरु सीमा पारीका मान्छे थिए, तर सम्पूर्ण थारू समुदायमाथि कसरी अपमान गरियो, सबैलाई थाहा छ। तर आज सिंहदरबार जलाई दिन्छु भनेर खुलेआम धम्की दिनेहरु तिमीहरूको प्रधानमन्त्री बन्न लायक मानिन्छन्। जेल ब्रेक गरेर भाग्ने कैदीहरु तिमीहरूको महान आदर्शवान नेता गनिन्छन्। सत्य कुरा गर्न कुनै दलको मान्छे हुनु पर्दैन, मात्रै नेपाली हुनुपर्छ।

# व्यासमा अपाङ्गता .........

विद्यालयमा दृष्टिसम्बन्धी अपाङ्गता भएका सात जना विद्यार्थी अध्ययनरत छन् । पाँच जना विद्यार्थी आवासीय रूपमा छन् भने दुई जना घरबाट आवतजावत गर्ने गर्छन् । स्रोत कक्षामा तनहुँ जिल्लाका विभिन्न वडाका दृष्टि सम्बन्धी अपाङ्गता बालबालिकालाई ब्रेललिपिमार्फत शिक्षण गरिएको विद्यालयका प्रधानाध्यापक रामचन्द्र पोखेलले जानकारी दिए ।

व्यास नगरपालिका–२ अमरापुरी जनसेवा प्राथमिक विद्यालयमा ११ जना बौद्धिक अपाङ्गता भएका विद्यार्थी अध्ययनरत छन्। अपाङ्गता अधिकारकर्मी ईश्वर बास्तोलाले विभिन्न वडामा छरिएर रहेका बौद्धिक प्रकृतिका अपाङ्गता भएका स्रोत कक्षालाई समायोजन गरी सञ्चालन तथा व्यवस्थापन गर्ने सन्दर्भमा नगरप्रमुख वैकुण्ठ न्यौपानेसमक्ष प्रस्ताव राखिएको बताए। उनले भने, “बौद्धिक अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने विद्यालय समायोजन गरेर पढाउन सकिए प्रभावकारी हुने थियो ।”

सो प्रस्तावबारे नगर प्रमुख न्यौपानेले बौद्धिक अपाङ्गता स्रोत कक्षाका विद्यालयको अनुकूल वातावरण मिलाइ आवासीय स्रोत कक्षाका पूर्वाधार निर्माण गर्ने सवालमा स्थलगत अध्ययन गरी एकीकृत स्रोत व्यवस्थापन गर्ने सवालमा आफू सकारात्मक रहेको बताए ।


## पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु ।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
- शारीरिक सम्बन्धपछि रगत बग्नु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाव गर्दा दुख्नु वा रगत देखिनु ।
- शरीर कमजोर हुनु ।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४